# मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत मिति
२०७८/१०/५

**प्रस्तावनाः** कर्णाली प्रदेशका आर्थिक तथा सामाजिक रुपले विपन्न अवस्थामा रहेका दलितको व्यावसायिक ज्ञान, सीप र क्षमतामा बृद्धि गर्न सीप विकास, सामग्री तथा पूर्वाधार निर्माण र वित्तीय पहुँचमा सहयोग गरी गरिबी निवारणमा सहयोग पुऱ्याउन मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ को दफा ९ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम कार्यान्वयन हुने मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सम्झनु पर्छ र सो शब्दले उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयलाई समेत जनाउँछ।

(ग) "दलित" भन्नाले नेपाल सरकारले दलित भनी परिभाषित गरेको दलित समुदायको व्यक्ति सम्झनु पर्छ।

(घ) "निर्देशक समिति" भन्नाले दफा १५ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(च) "लाभग्राही" भन्नाले कार्यक्रमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लाभ प्राप्त गर्ने दलित वा दलित समूह सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा १७ बमोजिमको कार्यक्रम सञ्चालक समिति सम्झनु पर्छ।

(ज) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेको सहकारी संस्था वा संघ सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका नगरपालिका र गाउँपालिका सम्झनु पर्छ।

परिच्छेद-२

**कार्यक्रमको क्षेत्र तथा कार्यक्रम क्रियाकलाप**

३. **कार्यक्रमको क्षेत्रः** कार्यक्रमको क्षेत्र देहाय बमोजिम हुनेछः-

(क) उत्पादन एवम् आय आर्जनमूलक,

(ख) परम्परागत वा आवश्यकता पहिचान भएको पेशा, व्यवसाय वा सीपमा आधारित उद्यम विकास,

(ग) आय आर्जनमूलक लघु तथा घरेलु उद्यम प्रवर्द्धन।

४. **कार्यक्रम तथा क्रियाकलापः** (१) दफा ३ बमोजिमको क्षेत्रमा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछः-

(क) सीप विकास तालिम कार्यक्रम,

(ख) सामग्री तथा पूर्वाधार निर्माण सहयोग कार्यक्रम, र

(ग) वित्तीय पँहुच सहयोग कार्यक्रम।

(२) समितिले कार्यक्रम सञ्चालन हुने स्थानीय तह तोक्नेछ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको कार्यक्रम अन्तर्गत परम्परागत वा लाभग्राहीले माग गरेका पेशा, व्यवसाय, लघु एवम् घरेलु उद्यम तथा उच्चस्तरको व्यावसायिक प्रवर्द्धन एवम् विकास गर्न तालिम मार्फत ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गराई आय आर्जन क्षमता विकास गरिनेछ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमको कार्यक्रम अन्तर्गत ज्ञान, सीप तथा दक्षता अभिवृद्धि भएको पेशा, व्यवसायको विकासका लागि सामग्री तथा पूर्वाधार निर्माणमा सहयोग गरिनेछ।

(५) उपदफा (१) को खण्ड (ग) बमोजिमको कार्यक्रम अन्तर्गत विपन्न दलितलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउन सहकारी संस्थालाई बिउपुँजी अनुदान दिइनेछ।

परिच्छेद-३

**कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था**

५. **सीप विकास तालिम कार्यक्रम सञ्चालनः** (१) प्रत्येक जिल्लामा कम्तीमा साठी जना लाभग्राही छनौट गरी तालिमको प्रकृति अनुसार बढीमा तीन महिना अवधिको सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा दलित वर्गले परम्परागत रुपमा गर्दै आएका वा माग गरे बमोजिमका सीप वा पेशा व्यवसायसँग सम्बन्धित आय आर्जन बृद्धि एवम् रोजगारी सिर्जनामा सहयोग पुग्ने तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

६. **सामग्री तथा पूर्वाधार निर्माण सहयोग कार्यक्रम सञ्चालनः** (१) सामग्री तथा पूर्वाधार निर्माण सहयोग कार्यक्रम अन्तर्गत दलितले परम्परागत रुपमा गर्दै आएका वा माग गरे बमोजिमका पेशा, व्यवसायलाई आधुनिकीकरण गर्ने मेसिन, उपकरण तथा सामूहिक कार्यस्थल वा पूर्वाधार निर्माण कार्यका लागि वस्तुगत सहायता उपलब्ध गराउन सकिनेछ।

(२) सामग्री तथा पूर्वाधार निर्माण सहयोग कार्यक्रम सञ्चालन गर्दा लाभग्राहीको छनौटका आधार देहाय बमोजिम हुनेछन:-

(क) व्यवसाय सञ्चालनको लागि अनुसूची-१ बमोजिमको व्यावसायिक योजना प्रस्ताव, व्यवसाय दर्ता प्रमाण पत्र, लागत साझेदारी प्रस्ताव, आय आर्जन तथा स्वरोजगार बृद्धि गर्न सहयोग पुग्ने व्यवसाय,

(ख) पेशा, व्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक मेसिन, उपकरण वा पूर्वाधार निर्माणको व्यावसायिक प्रस्ताव,

(ग) दलितलाई सङ्गठित गरी सामूहिक रुपमा उत्पादन तथा आय आर्जनका क्रियाकलाप व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण सम्बन्धी आयोजना,

(घ) सीप अभिवृद्धि तालिम प्राप्त गरी रोजगारीमा आवद्ध हुन चाहने लाभग्राहीले आवश्यक सामग्री वा उपकरण खरिद तथा उद्योग स्थापनाका लागि पेश गरेको आयोजना,

(ङ) लाभग्राहीलाई सङ्गठित गरी सामूहिक स्तरमा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सहयोग पुग्ने सहकारी, साझेदारी उद्योग वा व्यवसाय सम्बन्धी साझेदारीयुक्त लागत प्रस्ताव।

(३) सामग्री तथा पूर्वाधार निर्माण सहयोग कार्यक्रममा समूहगत लाभग्राहीको हकमा प्रत्येक समूहमा फरक फरक घर परिवारका कम्तीमा पन्ध्र जना लाभग्राही समेटिएको समूह हुनु पर्नेछ।

(४) दफा ९ र १० बमोजिम योग्यता पुगेका आवेदकले उपदफा (२) बमोजिमका आधार पुष्ट्याई हुने कागजातका अतिरिक्त व्यवसाय दर्ता प्रमाणपत्र, तालिम प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र सम्बन्धित स्थानीय तहको सिफारिस पेश गर्नु पर्नेछ।

७. **वित्तीय पँहुच सहयोग कार्यक्रम सञ्चालनः** (१) लाभग्राहीको वित्तीय पहुँचका लागि सहुलियत ब्याज दरमा ऋण उपलब्ध गराउन सक्ने क्षमता भएको सहकारी संस्था छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(२) सहकारी संस्थाले बिउपुँजी बापत प्राप्त अनुदान रकम छुट्टै हिसाब देखिने गरी जगेडा कोषमा राख्नु पर्नेछ।

(३) सहकारी संस्थाले बिउपुँजी बापत प्राप्त गरेको अनुदान रकम छनौट भएको लाभग्राहीलाई एक पटकमा पचास हजार रुपैयाँसम्म बढीमा दुई वर्षका लागि ऋणको रुपमा उपलब्ध गराउनु पर्नेछ। त्यसरी उपलब्ध भएको ऋण रकम लाभग्राहीले बढीमा छ महिनाको किस्ता हुने गरी भुक्तानी गर्नु पर्नेछ।

(४) सहकारी संस्थाले ऋण परिचालन गर्दा संस्थाको विनियम र ऋण परिचालन नीति बमोजिम सामूहिक जमानी लगायतका ऋण सुरक्षण विधि अवलम्वन गर्न सक्नेछ।

(५) सहकारी संस्थाले बिउपुँजी बापत प्राप्त गरेको रकम लाभग्राहीलाई ऋणको रुपमा परिचालन गर्ने बाहेक अन्य प्रयोजनमा लगानी वा परिचालन गर्न पाउने छैन।

(६) सहकारी संस्थाले प्राप्त बिउपुँजीलाई बृद्धि गर्दै योग्यता तथा मापदण्ड पुगेका लक्षित लाभग्राहीलाई चक्रिय रुपमा क्रमशः ऋण स्वरुप परिचालन गर्नु पर्नेछ र सहकारी संस्था विघटन हुन गएमा बिउपुँजी कोषमा जम्मा भएको सम्पूर्ण रकम प्रदेश सरकारको राजश्व खातामा जम्मा गरी फिर्ता गर्नु पर्नेछ।

(७) सहकारी संस्थाले बिउपुँजी रकम ऋणको रुपमा परिचालन गर्दा अधिकतम् वार्षिक पाँच प्रतिशतका दरले ब्याज लिन सक्नेछ।

तर अन्य कुनै सेवा शुल्क लिन पाउने छैन।

(८) सहकारी संस्थाले ऋण परिचालनबाट प्राप्त गर्ने कुल ब्याज रकममध्ये दश प्रतिशत रकम मूल बिउपुँजीमा बृद्धि हुने गरी सो संस्थाको जगेडा कोषमा जम्मा गर्नु पर्नेछ र बाँकी नब्बे प्रतिशत रकम आम्दानीको रुपमा त्यस्तो संस्थाले उपयोग गर्न सक्नेछ।

(९) सहकारीको शेयर सदस्य नभएको लाभग्राहीले आफु आबद्ध हुन चाहेको सहकारी संस्थामा शेयर सदस्य भई कार्यक्रममा सहभागी हुन सक्नेछ।

(१०) सहकारी संस्थाले कार्यक्रम बमोजिम लाभग्राहीलाई ऋण उपलब्ध नगराएको वा प्रभावकारी रुपमा वित्तीय सेवा दिन नसकेको, बिउपुँजी रकम हिनामिना गरेको, कार्यक्रमको उद्देश्य विपरीत लगानी गरेको वा रकमको दुरुपयोग गरेको पुष्टी भएमा जुनसुकै बखत वार्षिक दश प्रतिशत ब्याज दर सहित बिउपुँजी अनुदान रकम प्रदेश सरकारले फिर्ता लिनेछ।

(११) कार्यालयले समितिबाट स्वीकृत लाभग्राहीको सूची वार्षिक रुपमा अद्यावधिक गरी कार्यक्रम सञ्चालन गर्ने सहकारी संस्थालाई उपलब्ध गराउनु पर्नेछ। सूचीकृत भएका लाभग्राहीलाई कार्यक्रम सञ्चालन गर्ने सहकारी संस्थाले शेयर सदस्य बनाई क्रमशः ऋण परिचालन गर्नु पर्नेछ।

८. **<u>लाभग्राही तथा सहकारी संस्था छनौट प्रक्रियाः</u>** (१) कार्यालयले कार्यक्रम सञ्चालन गर्न लाभग्राही तथा सहकारी संस्था छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लाभग्राही तथा सहकारी संस्था छनौट गरी सूची तयार गर्ने प्रयोजनको लागि अनुसूची-२ बमोजिमको ढाँचामा स्थानीयस्तरको पत्रिकामा पन्ध्र दिन अवधिको सार्वजनिक सूचना प्रकाशन गरी आवेदन माग गर्नु पर्नेछ। त्यस्तो सूचना कार्यालयको वेबसाइटमा राखी सूचना पाटीमा समेत टाँस्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचना बमोजिम कार्यक्रममा सहभागी हुन चाहने लाभग्राही तथा सहकारी संस्थाले यस कार्यविधि बमोजिम आवश्यक पर्ने कागजात सहित अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा आवेदन पेश गर्नु पर्नेछ।

(४) कार्यालयले दफा ९, १० र ११ का आधार बमोजिम लाभग्राही तथा सहकारी संस्थाको छनौट गर्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभग्राही छनौट गर्दा लाभग्राहीले अन्य कुनै कार्यक्रमबाट समान प्रकृति वा दोहोरो पर्ने गरी लाभ नलिएको एकीन गरेर मात्र छनौट गर्नु पर्नेछ।

९. **<u>लाभग्राहीको योग्यताः</u>** कार्यक्रममा सहभागी हुन चाहने लाभग्राहीको योग्यता देहाय बमोजिम हुनेछः-

(क) अठार वर्ष उमेर पूरा भएको,

(ख) सम्बन्धित निर्वाचन क्षेत्रभित्र कम्तीमा छ महिना अगाडि देखी बसोबास गरेको स्थानीय तहको सिफारिस,

(ग) सामग्री तथा पूर्वाधार निर्माण सहयोग कार्यक्रम र वित्तीय पँहुच सहयोग कार्यक्रमको हकमा पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिवद्धता,

(घ) सीप विकास तालिम कार्यक्रमका लागि परम्परागत पेशा वा व्यवसायमा संलग्न भएको प्रमाण र तालिम पछि आय आर्जन व्यवसायमा संलग्न हुने कबुलियतनामा।

१०. **लाभग्राही छनौटका आधारः** (१) लाभग्राही छनौटका आधार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहको दलितको जनसंख्या,

(ख) एक घर परिवारबाट अधिकतम् एक लाभग्राही,

(ग) आय आर्जन कार्यक्रम वा परम्परागत पेशा, व्यवसायलाई निरन्तरता दिएको व्यक्ति,

(घ) सगोल परिवारभित्रको कुनै सदस्य सरकारी सेवामा नभएको,

(ङ) दलित परिवारका अपाङ्ग, किशोरी, बुहारी, विपन्न दलित र एकल महिला,

(च) समान प्रकृतिको कार्यक्रमबाट लाभ प्राप्त नगरेको व्यक्ति,

(छ) स्थानीय तहको विपन्न नागरिक सिफारिस पत्र।

(२) उपदफा (१) बमोजिमको आधारमा लाभग्राही छनौट गर्दा दलित वर्गभित्रका एकल महिला, अपाङ्ग, वार्षिक चालीस हजार रुपैयाँभन्दा कम आय भएको व्यक्ति वा अल्पसंख्यक दलितलाई प्राथमिकता दिनु पर्नेछ।

(३) समितिले लाभग्राही छनौटका लागि उपदफा (१) र (२) बमोजिमका आधारमा वस्तुगत सूचक तथा मापदण्ड बनाउनु पर्नेछ।

११. **सहकारी संस्थाको छनौटका आधारः** (१) वित्तीय पहुँच सहयोग कार्यक्रम सञ्चालनका लागि सहकारी संस्थाको छनौट देहायका आधारमा गरिनेछः-

(क) सहकारी संस्थाको वित्तीय अवस्था र अनुसूची-१ बमोजिमको व्यावसायिक योजना,

(ख) अनुसूची-३ बमोजिमको आवेदन र अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,

(ग) कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम ऋण सेवा परिचालन गर्न सक्ने सहकारी संस्थाको व्यवस्थापकीय तथा वित्तीय क्षमता,

(घ) सहकारी संस्थाको स्वीकृत कार्यक्षेत्र,

(ङ) लाभग्राहीको लागि ऋण उपलब्ध गराउने कार्यक्रम सञ्चालन सम्बन्धमा पेश भएको परियोजना प्रस्ताव,

(च) सहकारीको कुल शेयर सदस्य संख्या,

(छ) सहकारी संस्थाको लेखापरीक्षण प्रतिवेदन।

(२) समितिले सहकारी संस्था छनौटको लागि उपदफा (१) बमोजिमको आधारमा वस्तुगत सूचक तथा मापदण्ड बनाउनु पर्नेछ।

१२. **सूची प्रकाशन गर्नु पर्नेः** कार्यालयले कार्यक्रममा छनौट भएका लाभग्राही र सहकारी संस्थाको सूची स्थानीय पत्रिका, कार्यालयको सूचना पाटी र वेबसाइटमा सार्वजनिक गर्नु पर्नेछ।

१३. **सम्झौता गर्नु पर्नेः** कार्यक्रममा छनौट भएका लाभग्राही तथा सहकारी संस्था र कार्यालय बीच अनुसूची-५, ६ र ७ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

१४. **समन्वय गर्नु पर्नेः** कार्यक्रम सञ्चालन गर्दा कार्यालय तथा सहकारी संस्थाले स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ।

परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

**१५. <u>निर्देशक समितिः</u>** (१) कार्यक्रमको नीतिगत मार्गदर्शन, समन्वय तथा सहजीकरण गर्न प्रदेशस्तरमा एक निर्देशक समिति रहनेछ।

(२) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सभाको जेष्ठ दलित सदस्य - संयोजक

(ख) प्रदेश सभाको दलित सदस्य - सदस्य

(ग) मन्त्रालयको कार्यक्रम हेर्ने अधिकृत - सदस्य

(घ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्रम हेर्ने अधिकृत - सदस्य

(ङ) प्रदेश लेखा नियन्त्रक कार्यालयको अधिकृत - सदस्य

(च) उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको निर्देशक - सदस्य-सचिव

(३) निर्देशक समितिले आवश्यकतानुसार बढीमा दुई जना विषय विज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) निर्देशक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१६. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको सम्बन्धमा आवश्यकतानुसार नीतिगत रुपमा मार्गदर्शन, समन्वय र सहजीकरण गर्ने,

(ख) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने।

**१७. <u>कार्यक्रम सञ्चालक समितिः</u>** (१) जिल्लास्तरमा कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनका लागि कर्णाली प्रदेशका प्रत्येक जिल्लामा एक कार्यक्रम सञ्चालक समिति रहनेछ।

(२) कार्यक्रम सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रमुख, जिल्ला समन्वय समिति - संयोजक

(ख) जिल्लास्थित स्थानीय तहका प्रमुख वा अध्यक्षहरुमध्येबाट निर्देशक समितिले मनोनीत गरेको एक जना प्रमुख वा अध्यक्ष - सदस्य

(ग) निर्देशक समितिले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित तीन जना दलित - सदस्य

(घ) जिल्लास्थित प्रदेश लेखा इकाई कार्यालयको प्रतिनिधि - सदस्य

(ङ) प्रमुख, कार्यालय - सदस्य-सचिव

(३) समितिले आवश्यकतानुसार बढीमा दुई जना विषय विज्ञ, प्राविधिक वा विषयगत कार्यालयका प्रतिनिधिलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१८. **समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिले निर्धारण गरेको नीतिगत मार्गदर्शनको अधीनमा रही समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनको क्षेत्र, सीपमूलक तालिमको प्रकृति, तरिका, लाभग्राही छनौटका सूचक, अङ्कभार र मापदण्ड तथा प्रक्रिया निर्धारण गर्ने,

(ख) कार्यक्रम सञ्चालनका लागि छनौट भएको सहकारी संस्था र लाभग्राहीको नामावली स्वीकृत गर्ने,

(ग) वित्तीय पहुँच सहयोग कार्यक्रम अन्तर्गत सहुलियत ब्याजदरमा ऋण प्राप्त गर्ने लाभग्राहीहरुको विवरण प्रत्येक वर्षको साउन मसान्तभित्र स्वीकृत गरी अद्यावधिक गर्ने,

(घ) कार्यक्रमको विनियोजित बजेट बमोजिम क्रियाकलाप स्वीकृत गरी कार्यान्वयन गर्ने वा गराउने,

(ङ) कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने।

१९. **कार्यालयको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम स्वीकृत कार्यक्रम विषयगत कार्यालय, स्थानीय तह र अन्य सरोकारवालासँग समन्वय, सहकार्य गरी सञ्चालन तथा कार्यान्वयन गर्ने,

(ख) लाभग्राही छनौटको लागि प्राप्त आवेदनको सूची समिति समक्ष पेश गर्ने,

(ग) दफा १८ को खण्ड (ग) बमोजिम स्वीकृत लाभग्राहीको अद्यावधिक विवरण भदौ मसान्तभित्र कार्यक्रम सञ्चालन गर्ने सहकारी संस्थालाई उपलब्ध गराउने,

(घ) प्रचलित कानून र यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन भए, नभएको र कार्यक्रम सञ्चालन गरे, नगरेको सम्बन्धमा नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गरी नगरेको पाइएमा आवश्यक कारबाही गर्ने वा गराउने,

(ङ) कार्यक्रमको सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने वा गराउने,

(च) कार्यक्रमसँग सम्बन्धित कागजातको अभिलेख व्यवस्थित रुपमा राख्ने,

(छ) कार्यक्रमको स्वामित्व, निरन्तरता, प्रभावकारीता र दिगोपनको लागि पृष्ठपोषण गर्ने,

(ज) कार्यक्रम कार्यान्वयनको जिम्मेवारी तथा उत्तरदायित्व बहन गर्ने वा गराउने।

## परिच्छेद-५

## कार्यक्रम बजेट सम्बन्धी व्यवस्था

२०. **बजेट व्यवस्थाः** मुख्यमन्त्री रोजगार कार्यक्रम बजेट उपशीर्षकमा विनियोजित बजेटबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गर्नेछ।

२१. **बजेट बाँडफाँटः** (१) दफा २० बमोजिमको बजेटबाट शुन्य दशमलब पाँच प्रतिशत रकम मन्त्रालयमा र दुई प्रतिशत रकम कार्यालयमा कार्यक्रम सञ्चालन खर्च छुट्याउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छुट्याई बाँकी रहेको रकमलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दलितको जनसङ्ख्या वापत पचास प्रतिशत, दुर्गमता वापत पच्चीस प्रतिशत र गरिबी वापत पच्चीस प्रतिशतको आधारमा जिल्लागत रूपमा छुट्टयाई देहाय बमोजिम बजेट बाँडफाँट गर्नु पर्नेछः-

(क) सीप विकास तालिम कार्यक्रम - बीस प्रतिशत

(ख) सामग्री तथा पूर्वाधार निर्माण सहयोग कार्यक्रम - पैंतीस प्रतिशत

(ग) वित्तीय पहुँच सहयोग कार्यक्रम - पैंतालीस प्रतिशत।

२२. **बजेट उपलब्ध गराउनेः** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यक्रम सञ्चालनको लागि दफा २१ बमोजिम विनियोजित बजेट सम्बन्धित कार्यालयमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली मार्फत उपलब्ध गराउनेछ।

२३. **बजेट खर्च व्यवस्थापनः** (१) कार्यक्रमको बजेट खर्च गर्दा प्रचलित सङ्घीय तथा प्रदेश कानून र मापदण्डको अधीनमा रही खर्च गर्नु पर्नेछ।

(२) लाभग्राहीलाई रकम उपलब्ध गराउँदा सम्बन्धित लाभग्राहीको बैङ्क खाता मार्फत उपलब्ध गराउनु पर्नेछ।

(३) तालिम सञ्चालन भएको अनुगमन प्रतिवेदन प्राप्त भएपछि तालिम कार्यक्रमको भुक्तानी गर्नु पर्नेछ।

(४) सामग्री तथा पूर्वाधार निर्माण सहयोग कार्यक्रम अन्तर्गत लागत साझेदारी आधारमा लागतको बढीमा पचहत्तर प्रतिशत वा तीनलाख रुपैयाँ मध्ये जुन कम हुन्छ सो रकम प्रचलित कानून बमोजिम लाभग्राहीलाई अनुदान सहायता रकम उपलब्ध गराउनु पर्नेछ।

(५) बजेट खर्च गर्ने तथा खर्चको पारदर्शिता कायम गर्ने, लेखाङ्कन गर्ने, स्रेस्ता राख्ने, लेखापरीक्षण गराउने र प्रतिवेदन गर्ने सम्पूर्ण जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ।

(६) कार्यालयले कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तथा आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदन मन्त्रालय र उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयमा पेश गर्नु पर्नेछ।

२४. **खर्च गर्न नपाइनेः** कार्यालय र लाभग्राहीले कार्यक्रम कार्यान्वयनको लागि प्राप्त रकमबाट देहायका शीर्षकमा खर्च गर्न पाइने छैनः-

(क) यस कार्यविधि बमोजिमका स्वीकृत कार्यक्रम तथा क्रियाकलाप बाहेक अन्य कार्यमा खर्च गर्न,

(ख) आर्थिक सहायता, पुरस्कार तथा चन्दा प्रदान गर्न,

(ग) तलब, भत्ता, पारिश्रमिक र प्रशासनिक क्रियाकलापमा खर्च गर्न।

२५. **जवाफदेहीता तथा जिम्मेवारीः** (१) कार्यक्रमको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी सम्बन्धित निकायका लेखाउत्तरदायी अधिकारीमा रहनेछ।

(२) कार्यक्रमको रकम खर्च गर्ने सम्बन्धित लाभग्राही वा सहकारी संस्थाले उपयोग वा उपभोग गरेको रकमको हकमा निज स्वयम् जिम्मेवार तथा उत्तरदायी हुनेछ।

(३) लाभग्राही र सहकारी संस्थाले प्राप्त गरेको रकम दुरूपयोग गरेमा त्यसको सम्पूर्ण जिम्मेवारी र जवाफदेहिता सम्बन्धित लाभग्राही र सहकारी संस्थामा रहनेछ। कार्यालयले दुरुपयोग भएको रकम सम्बन्धित लाभग्राही र सहकारी संस्थाबाट सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

## परिच्छेद-६
## विविध

२६. **कार्यक्रम सम्बन्धी विशेष व्यवस्थाः** कुनै प्राकृतिक विपद् वा महामारी रोगको प्रकोप वा यस्तै विशेष परिस्थितिको अवस्था सृजना भएमा मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रम स्थानीय तहले कार्यान्वयन गर्ने गरी शर्त तोकी अख्तियारी वा सशर्त अनुदानको रुपमा सम्बन्धित स्थानीय तहमा रकम पठाई कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२७. **अनुगमन तथा मूल्याङ्कनः** कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, निर्देशक समिति, समिति, जिल्ला समन्वय समिति र कार्यालयले गर्न सक्नेछ।

२८. **निर्देशन पालना गर्नुपर्नेः** कार्यक्रम कार्यान्वयनको सिलसिलामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, निर्देशक समिति, समिति तथा कार्यालयले दिएको निर्देशन सम्बन्धित कार्यालय तथा लाभग्राहीले पालना गर्नु पर्नेछ।

२९. **कारबाही हुनेः** कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्ति वा सहकारी संस्थाले विवरण पेश गरेमा वा झुट्ठा व्यहोरा सिफारिस गरेको खुल्न आएमा त्यस्तो व्यक्ति वा सहकारी संस्थालाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

३०. **बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा कुनै द्विविधा वा बाधा अड्काउ उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो द्विविधा वा बाधा अडकाउ फुकाउन सक्नेछ।

३१. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकतानुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

३२. **खारेजी र बचाउः** (१) मुख्यमन्त्री दलित आय आर्जन (रोजगारी) प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ खारेज गरिएको छ

(२) मुख्यमन्त्री दलित आय आर्जन (रोजगारी) प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरु यस कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसुची-१

(दफा ६ को उपदफा (२) को खण्ड (क) र दफा ११ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

**व्यावसायिक योजना प्रस्तावको ढाँचा**

(क) उद्देश्यः

(ख) कार्यः

(ग) शेयर सदस्य संख्याः

(घ) स्थिर पुँजीः

१. जग्गा र भवन रु. ....................।-

२. फर्निचर रु. ....................।-

३. मेसिनरी औजार रु. ...... ........ ......।-

४. ............... मेसिन रु. ..................।-

५. ............. रु. ....................।-

६. ................... रु. ....................।-

(ङ) कुल जम्मा स्थिर पुँजी रु. ....................।-

(च) व्यावसायिक प्रयोजनको लागि चालु पुँजी

१. कच्चा पदार्थ एकमुष्ठ रु. ...... ........ ......।-

२. उत्पादन प्रशोधन तथा बजार तयारी लागत मुल्य रु. .............।-

३. अन्य सामग्रीको लागि एकमुष्ठ रु. .............।-

(छ) कुल चालु पुँजी रु. ..... ........।-

(ज) जम्मा आवश्यक (च) र (छ) को लागि जम्मा रु. .............।-

(झ) पुँजीको श्रोत

१. शेयर पुँजी रु. .............।-

२. अनुदान बापत प्राप्त हुने पुँजी रु. .............।-

३. बैंक तथा वित्तीय संस्थामा रहेको रकममा प्राप्त व्याज रु. .............।-

४. जगेडा कोष रु. .............।-

५. बैंक तथा वित्तीय संस्थाबाट ऋण रु. .............।-

६. अन्य रु. .............।-

७. पुँजी श्रोत जम्मा रु. .............।-

(ञ) संस्थाको आय वा आम्दानी

१. ............. बिक्री रु. .............।-

२. .............

३. .............

(ट) संस्थाको व्यय

१. तलब तथा ज्याला रु. .............।-

२. अतिरिक्त प्रोत्साहन रकम रु. .............।-

३. मसलन्द वा प्रशासनिक खर्च रु. .............।-

४. ऋणको व्याज फिर्ता रु. .............।-

५. सम्पत्तिमा ह्रास कट्टी रु. .............।-

६. मर्मत सम्भार रु. .............।-

७. ईन्धन तथा उर्जा रु. .............।-

८. व्यवसायगत चालु खर्च रु. .............।-

९. विविध खर्च रु. .............।-

१०. जम्मा व्यय रु. .............।-

(ठ) जम्मा नाफा वा घाटा (खर्च भन्दा आय वा आम्दानी धेरै भएमा नाफा र कम भएमा घाटा)

१· आय वा आम्दानी जम्मा रु. .............।-

२· व्यय वा खर्च जम्मा रु. .............।-

३· खुद नाफा वा नोक्सान रु. .............।-

**द्रष्टव्यः** यस व्यावसायिक योजनामा विवरण भर्दा लेखापरीक्षण प्रतिवेदनको आधारमा गत आर्थिक वर्षको असार मसान्तको विवरण भर्नु पर्नेछ।

अनुसुची-२

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**आवेदन आव्हान गर्ने सार्वजनिक सूचनाको ढाँचा**

कर्णाली प्रदेश सरकार

उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालय

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय/कार्यालय

मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः..................

कर्णाली प्रदेश सरकारले गरिव, वेरोजगार तथा विपन्न दलितको परम्परागत पेशा वा व्यवसायलाई आधुनिकीकरण गर्दै आय आर्जन क्षमता विकास गर्न देहायका कार्यक्रम सञ्चालन गर्न लागेको हुँदा यस कार्यक्रममा सहभागी हुन चाहने .......... जिल्लाभित्रका इच्छुक दलित, दलित समुदाय तथा दलितलाई वित्तीय पहुँच सेवा दिन इच्छुक सहकारी संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र देहाय बमोजिमका कागजात संलग्न राखी .............................. निर्देशनालय/कार्यालयमा आवेदन दिनुहुन मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ को उपदफा (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | कार्यक्रम | आवश्यक लाभग्राही संख्या |
|---|---|---|
| १ | सीप विकास तालिम कार्यक्रम | कम्तीमा साठी जना |
| २ | सामग्री तथा पूर्वाधार सहयोग कार्यक्रम | - |
| ३ | वित्तीय पँहुच सहयोग कार्यक्रम | - |

**आवश्यक कागजातः**

१. **सीप विकास तालिम कार्यक्रमको लागि आवश्यक कागजातः**

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) सम्बन्धित निर्वाचन क्षेत्रभित्र कम्तीमा छ महिना अगाडि देखि बसोबास गरेको, समान प्रकृतिको कार्यक्रमबाट लाभ प्राप्त नगरेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको व्यहोराको स्थानीय तहको सिफारिस,

(ग) कार्यविधिको अनुसूची-३ बमोजिमको परियोजना प्रस्ताव,

(घ) सीप विकास तालिम कार्यक्रमका लागि परम्परागत पेशा वा व्यवसायमा संलग्न भएको प्रमाण र तालिम पछि आय आर्जन व्यवसायमा संलग्न हुने कबुलियतनामा।

२. **सामग्री तथा पूर्वाधार सहयोग कार्यक्रमका लागि आवश्यक कागजातः**

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) सम्बन्धित निर्वाचन क्षेत्रभित्र कम्तीमा छ महिना अगाडि देखि बसोबास गरेको, समान प्रकृतिको कार्यक्रमबाट लाभ प्राप्त नगरेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको व्यहोराको स्थानीय तहको सिफारिस,

(ग) कार्यविधिको अनुसूची-१ बमोजिमको व्यावसायिक योजना, लागत साझेदारी प्रस्ताव, व्यवसाय दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) कार्यविधिको अनुसूची-३ बमोजिमको परियोजना प्रस्ताव,

(च) पेशा, व्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक मेसिन, उपकरण वा पूर्वाधार निर्माणको व्यावसायिक प्रस्ताव,

(छ) दलितलाई सङ्गठित गरी सामूहिक रुपमा उत्पादन तथा आय आर्जनका क्रियाकलाप व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण सम्बन्धी आयोजना प्रस्ताव,

(ज) सीप अभिवृद्धि तालिम प्राप्त गरी रोजगारीमा आवद्ध हुन चाहने लाभग्राहीले आवश्यक सामग्री वा उपकरण खरिद तथा उद्योग स्थापनाका लागि आयोजना प्रस्ताव,

(झ) लाभग्राहीलाई सङ्गठित गरी सामूहिक स्तरमा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सहयोग पुग्ने सहकारी, साझेदारी उद्योग वा व्यवसाय सम्बन्धी साझेदारीयुक्त लागत प्रस्ताव,

(ञ) समूहगत लाभग्राहीको हकमा प्रत्येक समूहमा फरक फरक घरपरिवारका कम्तीमा पन्ध्र जना लाभग्राही समेटिएको समूहको निर्णयको प्रतिलिपि र सदस्यको नामावली,

(ट) पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता।

३. **<u>वित्तीय पहुँच सहयोग कार्यक्रमका लागि आवश्यक कागजात:</u>**

(क) सहकारी संस्थाको संस्था दर्ता प्रमाणपत्र, विनियम, पछिल्लो लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) कार्यविधिको अनुसूची-१ बमोजिमको व्यावसायिक योजना र अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,

(ग) सहकारी संस्थाको साधारण सभा वा सञ्चालक समितिबाट बिउपुँजी रकम प्राप्त गरी आय आर्जन कार्यक्रममा अधिकतम् परिचालन गर्ने व्यहोराको निर्णयको प्रतिलिपि,

(घ) सहकारी संस्थाको कार्यक्षेत्र, वित्तीय  क्षमता, शेयर सदस्य संख्या र संगठानात्मक संरचनाको विवरण खुलेको कागजात,

(ङ) पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता।

**<u>थप जानकारीका लागि सम्पर्क:</u>**

(सम्बन्धित कार्यालयका सम्पर्क फोन नम्वरहरू)

................................ निर्देशनालय/कार्यालय

.................................... (ठेगाना)

अनुसुची-३

(दफा ८ को उपदफा (३) र दफा ११ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**आवेदनको ढाँचा**

मितिः ....... ..... ......

श्री कार्यालय प्रमुखज्यू,

............................ कार्यालय

........................... जिल्ला।

**विषयः मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रममा सहभागिताको लागि आवेदन पेश गरिएको सम्बन्धमा।**

तहाँ कार्यालयबाट मिति ...... ........... मा प्रकाशित सूचना अनुसार मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ☐ (क) सीप विकास तालिम कार्यक्रम ☐ (ख) सामाग्री तथा पूर्वाधार सहयोग कार्यक्रम ☐ (ग) वित्तीय पँहुच सहयोग कार्यक्रममा (कुनै एक कार्यक्रममा ठीक चिन्ह लगाउने) समावेश हुन इच्छुक भएकोले कार्यक्रममा सहभागिताका लागि तपसिलको विवरण र कागजात संलग्न राखी प्रस्ताव पेश गरेको छु/छौं। कार्यक्रममा सहभागी गराई दिनुहुन अनुरोध छ।

**तपसिलः**

१. लाभग्राहीको नामः.........................................................................

२. ठेगानाः स्थानीय तहः................................ वडा नं. ....................टोलः ................

३. लाभग्राहीको परम्परागत सीप तथा व्यवसायः ................................................

४. लाभग्राहीले सञ्चालन गर्न चाहेको व्यवसाय वा सीपः.....................................

५. व्यवसाय सञ्चालन गरेको लाभग्राहीको हकमाः

(क) व्यवसायको नामः ................................................ दर्ता नं. ...........................

(ख) व्यवसाय दर्ता मितिः................................................ दर्ता भएको निकायः ...................

(ग) कार्यक्षेत्रः ........................................................................

| लाभग्राहीको फोटो वा फर्म/सहकारीको छाप |
| --- |

**संलग्न कागजातः** (सूचनामा माग भए बमोजिमका कागजात क्रमशः राख्ने)

१. ......................................................

२. ......................................................

३. ......................................................

४. ......................................................

निवेदकः
नाम थरः
हस्ताक्षरः

अनुसूची-४

(दफा ११ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**प्रतिबद्धता-पत्र**

मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम अन्तर्गत वित्तीय पहुँच सहयोग कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा ...................................... सहकारी संस्था लिमिटेडको तर्फबाट देहाय बमोजिम कार्यान्वयन प्रतिबद्धता गर्दछौं।

(क) प्रचलित कानून तथा मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को पूर्ण पालना गर्नेछौं।

(ख) अनुदान रकमबाट प्रवाह हुने ऋण अधिकतम् सदस्यहरुलाई प्रवाह गर्ने र व्याज दर पाँच प्रतिशतसम्ममा हुने व्यवस्था गर्नेछौं।

(ग) परम्परागत पेशा, व्यवसाय तथा सीपको आधुनिकीकरण हुने, उत्पादनमूलक र आय आर्जन बृद्धि हुने परियोजनाहरूमा मात्र ऋण परिचालन गर्नेछौं।

(घ) सहकारी संस्थाका सदस्यहरूले उनीहरूको कार्ययोजना अनुसारको कार्य सञ्चालन नगरी परियोजनाको निर्धारित अवधि अगावै सो कार्यहरु बन्द गरेमा वा उत्पादनमूलक कार्यक्रममा लगानी नगरी अन्य अनुत्पादक क्षेत्रमा लगानी गरेको पाइएमा त्यस्ता सदस्यहरूबाट प्रचलित ब्याज र हर्जाना सहित फिर्ता गरी अन्य सदस्यहरूको ऋणमा पहुँच बढाउने छौं।

(ङ) स्वीकृत लाभग्राहीको सूची बमोजिमका लाभग्राहीलाई ऋण प्रवाह हुन नसकेमा वा अनुदान रकम निस्कृय रहेमा त्यस्तो लाभग्राहीको लागि विनियोजित अनुदान रकम प्रदेश सरकारलाई फिर्ता गर्नेछौं।

(च) समान प्रकृतिको कार्यका लागि यस अघि कुनै कार्यक्रम मार्फत अनुदान लिएका छैनौं।

(छ) अधिकतम् लाभग्राहीहरूलाई अनुदान कार्यक्रम अवधारणा अनुसार समेट्नको लागि आफ्नो कार्यक्षेत्र बृद्धि गर्दै लैजाने प्रयत्न गर्नेछौं।

(ज) सहकारी मुल्य मान्यता, सिद्धान्त, सहकारी कानून र संस्थाको विनियम विपरीत हुने गरी कार्यक्रम सञ्चालन गर्ने छैनौं।

(झ) जगेडा कोषमा प्राप्त अनुदान रकमलाई पहिलो पटक लगानी भएको ऋण असुली भए पश्चात पुनः कार्यक्रमले लक्षित गरेका दलित वर्गका व्यक्तिहरुलाई आय आर्जनका लागि ऋण प्रवाह गर्नेछौं।

(ञ) सहकारी संस्थाले ऋण परिचालनबाट प्राप्त गर्ने कुल ब्याज रकममध्ये दश प्रतिशत रकम मूल बिउपुँजीमा बृद्धि हुने गरी सहकारी संस्थाको जगेडा कोषमा जम्मा गर्नेछौं र बाँकी नब्बे प्रतिशत रकम आम्दानीको रुपमा उपयोग गर्नेछौं।

(ट) मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ७ बमोजिमका शर्तहरु पूर्ण रुपमा पालना गर्नेछौं।

(ठ) यसमा व्यक्त भएका हाम्रा प्रतिबद्धताहरु अनुशरण र अवलम्वन नगरेमा प्रचलित कानून बमोजिम सहुला/बुझाउँला।

**सहकारी संस्थाको तर्फबाट**

सहकारी संस्थाको नामः............................

ठेगानाः ......................... दाँया बाँया

सम्पर्क नं. .....................

अध्यक्षको नाम थरः

दस्तखतः ........................

संस्थाको छापः ....................

मितिः ............................

कबुलियत विवरण (सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र सचिव)

| नाम | पद | ठेगाना | सम्पर्क नं. | दाँया | बाँया |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

अनुसूची-५

(दफा १३ सँग सम्बन्धित)

**सीप विकास तालिम कार्यक्रममा सहभागी हुने लाभग्राही र कार्यालय बीच हुने सम्झौताको ढाँचा**

.............................................................. कार्यालय (यसपछि "पहिलो पक्ष" भनिएको) र ................. जिल्ला ........................ गा.पा./न.पा. .......वडा नं. ....................बस्ने.................. को नाती/नातिनी ................... को छोरा/छोरी ................................ (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच देहायका शर्तहरू पालना गरी मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम सीप विकास तालिम कार्यक्रममा सहभागी हुन मञ्जुर भई यो सम्झौता गरिएको छ।

१. यो सम्झौता मितिः २०७८।....... देखि प्रारम्भ हुनेछ।

२. पहिलो पक्षले तोकेको समयमा दोस्रो पक्ष तालिम कार्यक्रममा नियमित रुपमा सहभागी भई आफ्नो क्षमता विकास गराउनु पर्नेछ।

३. आवश्यकता पहिचान भएका सीप वा पेशा व्यवसाय सम्बन्धी तालिममा सहभागी भई परम्परागत पेशा व्यवसायलाई निरन्तरता दिई आय आर्जनमा बृद्धि गर्नु पर्नेछ।

४. तालिममा सहभागी भए पश्चात् दोस्रो पक्षले स्थानीय तहसँग समेत समन्वय गरी तालिमको अभिलेख अद्यावधिक गराउनु पर्नेछ।

५. पहिलो पक्षले दोस्रो पक्षलाई पुनर्ताजगी तालिम कार्यक्रममा आमन्त्रण गरेमा दोस्रो पक्ष सहभागी हुनु पर्नेछ।

६. दोस्रो पक्षले आय आर्जन बृद्धि हुने रोजगार वा स्वरोजगार सिर्जना हुने क्षेत्रमा काम गर्नु पर्नेछ।

७. कार्यक्रमको निर्देशक समिति, कार्यक्रम सञ्चालक समिति र .... कार्यालयबाट निर्धारित आधार, मापदण्ड तथा निर्देशनलाई दोस्रो पक्षले तालिम अवधिभर र तालिम पछि समेत कार्यान्वयन तथा पालना गर्नु पर्नेछ।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
| --- | --- |
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | ठेगाना |
| कार्यलयको छाप | |
| **रोहवर** | **रोहवर** |
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| ठेगाना | ठेगाना |

इति सम्वत् २०७८ साल ................. महिना ......... गते रोज .... शुभम्।

अनुसुची-६

(दफा १३ सँग सम्बन्धित)

**<u>सामग्री तथा पूर्वाधार सहयोग कार्यक्रमका लाभग्राही र कार्यालय बीच हुने सम्झौताको ढाँचा</u>**

............................................................ कार्यालय (यसपछि "पहिलो पक्ष" वा "कार्यालय" भनिएको) र ................. जिल्ला ........................गा.पा./न.पा. ...... वडा नं. ................... बस्ने .................. को नाती/नातिनी .................. को छोरा/छोरी .............................. (यसपछि "दोस्रो पक्ष" वा "लाभग्राही" भनिएको) बीच देहायका शर्तहरू पालना गरी मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम सामग्री तथा पूर्वाधार सहयोग कार्यक्रममा सहभागी हुन मञ्जुर भई यो सम्झौता गरिएको छ।

१. यो सम्झौता मितिः २०७८।.....।... देखि प्रारम्भ हुनेछ।

२. पहिलो पक्षले कार्यक्रम अन्तर्गत .................... कार्यका लागि .................. मेसिन उपकरण/पूर्वाधार निर्माणका लागि ................ रकम बराबरको सामग्री तथा पूर्वाधार सहयोग दोस्रो पक्षलाई गर्नेछ।

३. दोस्रो पक्षले सामग्री तथा पूर्वाधार निर्माण सहयोग कार्यक्रमबाट प्राप्त सामग्रीको कार्यक्रमको उद्देश्य अनुरुप पूर्णत सदुपयोग गर्नु पर्नेछ।

४. दोस्रो पक्षले कार्यक्रम अन्तर्गत कार्यालयबाट प्रदान गरिएको उद्योग सम्बन्धी मेसिन, सामग्री तथा उपकरणको उद्देश्य अनुरुप पूर्ण रुपमा सदुपयोग गरी आय आर्जन बृद्धि गर्नु पर्नेछ।

५. दोस्रो पक्षले पेश गरेको व्यावसायिक योजना बमोजिम व्यावसायिक कार्य तथा पेशा गर्नु पर्नेछ।

६. पहिलो पक्षले प्रदान गरेको सहयोगको सम्बन्धमा सम्बन्धित स्थानीय तहलाई दुवै पक्षले जानकारी गराउनु पर्नेछ।

७. दोस्रो पक्षले कार्यक्रम अन्तर्गत प्रदान गरेको सहयोग दुरुपयोग गरेमा पहिलो पक्षले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

८. लागत साझेदारी अन्तर्गत भएको सहयोगको विवरण दोस्रो पक्षले उद्योग स्थलमा बोर्ड बनाई सार्वजनिक गर्नु पर्नेछ।

९. कार्यक्रमको निर्देशक समिति, कार्यक्रम सञ्चालक समिति र .... कार्यालयबाट निर्धारित आधार, मापदण्ड तथा निर्देशनलाई दोस्रो पक्षले कार्यान्वयन तथा पालना गर्नु पर्नेछ।

| **<u>पहिलो पक्ष</u>** | **<u>दोस्रो पक्ष</u>** |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | ठेगाना |
| कार्यलयको छाप | संस्था भए छाप |
| **<u>रोहवर</u>** | **<u>रोहवर</u>** |
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| ठेगाना | ठेगाना |

इति सम्वत् २०७८ साल .................महिना .........गते रोज.... शुभम्।

अनुसुची-७

(दफा १३ सँग सम्बन्धित)

**वित्तीय पहुँच सहयोग कार्यक्रम सञ्चालन गर्न इच्छुक सहकारी संस्था र कार्यालय बीच हुने सम्झौताको ढाँचा**

.............................................................. कार्यालय (यसपछि "पहिलो पक्ष" भनिएको) र ................. जिल्ला .........................गा.पा./न.पा. ....... वडा नं. ................... टोलमा कार्यालय सञ्चालनमा रहेको .............................. सहकारी संस्था लिमिटेड (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच देहायका शर्तहरू पालना गरी मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम वित्तीय पहुँच सहयोग कार्यक्रम सञ्चालन गर्न मञ्जुर भई यो सम्झौता गरिएको छ।

१. यो सम्झौता मितिः २०७८।...।... देखि प्रारम्भ हुनेछ।

२. कार्यविधि बमोजिम पहिलो पक्षले दोश्रो पक्षलाई लाभग्राही सदस्यको नामनामेशी विवरण र रकम सहितको सूचीका आधारमा जगेडा कोषमा रहने रु. .......... र अन्य खर्च बापत रु. .... .... .... समेत जम्मा रु. .... ............... उपलब्ध गराउनेछ। लाभग्राही सदस्यको सूची यस सम्झौताको अभिन्न अङ्ग हुनेछ।

३. दोस्रो पक्षले लाभग्राही सदस्यलाई ऋण लगानी गरी मनासिव तरिकाले रकम बचत रहेमा वा लाभग्राही सदस्यलाई ऋण आवश्यक नपरी रकम मौज्दात रहने अवस्था भएमा प्राथमिकताको आधारमा कार्यविधि बमोजिम अन्य सदस्यलाई ऋण लगानी गर्नु पर्नेछ।

४. यस सम्झौता बमोजिम प्राप्त भएको अनुदान रकममध्ये संस्थागत पुँजी बापतको रकम दोस्रो पक्षले जगेडा कोषमा जम्मा गरी लाभग्राही सदस्यको आय आर्जनका कार्यक्रममा मात्र सामूहिक जमानी वा सम्बन्धित सहकारी संस्थाको विनियमको व्यवस्था बमोजिम ऋण सुरक्षणको प्रवन्ध गरी ऋण परिचालन गर्नु पर्नेछ।

५. दोस्रो पक्षले अनुदान रकमको भुक्तानी इ-पेमेन्ट वा एकाउन्ट पेयी चेक मार्फत गर्नु पर्नेछ।

६. दोस्रो पक्षले मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम बढीमा पाँच प्रतिशत व्याजदरमा ऋण प्रवाह गर्नु पर्नेछ।

७. दोस्रो पक्षले मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ र सहकारी ऐन, नियम तथा संस्थाको विनियम र ऋण परिचालन नीति अन्तर्गत रही ऋण परिचालन गर्नु पर्नेछ।

८. यस कार्यक्रम अन्तर्गत प्रवाह भएको ऋण असुल गर्ने दायित्व दोस्रो पक्षको हुनेछ। त्यस्तो ऋण असुल नभएमा दोस्रो पक्ष जिम्मेवार हुनेछ।

९. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ।

१०. भुक्तानी हुने बैङ्क र खाता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः-

(क) सहकारी संस्थाको नामः..................................................................

(ख) खाता नम्वरः.....................................................................

(ग) खाता रहेको बैङ्क र ठेगानाः ...................................................

११. मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अन्तर्गत प्रथम पक्षले दोश्रो पक्षलाई स्वीकृत लाभग्राहीको सूची बमोजिमका लाभग्राहीलाई ऋण प्रवाह हुन नसकेमा उक्त लाभग्राहीको लागि विनियोजित अनुदान रकम कार्यविधि बमोजिम प्राथमिकता प्राप्त लाभग्राहीलाई प्राथमिकताक्रम अनुसार परिचालन गर्नु पर्नेछ र कुनै कारण अनुदान रकम निस्कृय रहने अवस्था भएमा प्रदेश सरकारलाई वार्षिक दश प्रतिशत ब्याज सहित फिर्ता गर्नु पर्नेछ।

१२. दोस्रो पक्षले अनुदान रकम हिनामिना गरेमा, दुरुपयोग गरेमा वा निस्कृय राखेमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह वार्षिक दश प्रतिशत ब्याज सहित सहकारी संस्थाको संचालक समितिका पदाधिकारीबाट प्रदेश सरकारले असुल उपर गर्नेछ।

१३. प्रदेश सरकारका निकाय तथा प्रचलित नियमन अधिकार भएका निकायबाट हुने निरीक्षण, अनुगमन तथा मूल्याङ्कन एवम् माग भएको प्रगति प्रतिवेदनको कार्यमा सहयोग गर्नु सहकारी संस्थाको कर्तव्य हुनेछ।

१४. वर्षको एक पटक यस कार्यक्रमको कार्यान्वयन तथा उपलब्धी अवस्थाको बारेमा दोस्रो पक्षले सार्वजनिक सुनुवाई वा अन्य उपयुक्त विधिबाट सार्वजनिक गर्नु पर्नेछ।

१५. दोस्रो पक्षले मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ७ बमोजिमका शर्तहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

१६. यो सम्झौतामा उल्लेख भएका विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| कार्यलयको छाप | संस्थाको छाप |
| **रोहवर** | **रोहवर** |
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| ठेगाना | ठेगाना |

कबुलियत विवरण (सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र सचिव)

| नाम | पद | ठेगाना | सम्पर्क नं. | दांया | बांया |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

इति सम्वत् २०७८ साल .................महिना .........गते रोज.... शुभम्।